# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड ३) संख्या ४४ स्थानीय राजपत्र भाग २ मिति २०७६।०१।१६


# घोराही उपमहानगरपालिकाको न्यायिक समितिको वैठक संचालनसम्बन्धी निर्देशिका- २०७५

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४८ बमोजिम यस घोराही उपमहानगरपालिकामा गठित न्यायिक समितिबाट भएका बैठकहरु तथा न्यायिक समितिका सदस्यहरुबाट फिल्ड अनुगमन भ्रमणको खर्चलाई सुव्यवस्थित एवं पारदर्शी बनाउन नगर कार्यपालिकाबाट स्वीकृत गरी यो निर्देशिका लागू गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम 'घोराही उपमहानगरपालिकाको न्यायिक समितिको बैठक संचालन सम्बन्धी निर्देशिका २०७५' रहेको छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) 'न्यायिक समिति' भन्नाले नेपालको सविधानको धारा २१७ स्थानीय सरकार संचालन ऐनको दफा ४८ को उपदफा (६) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(ख) 'अनुगमन निरीक्षण' भन्नाले कुनै मुद्दा मामिला सम्बन्धमा कुनै ठाउँ विशेष, अवस्था र परिस्थितिको नाप जाँच गरी सो को जानकारी वा सूचना तोकिएको अधिकारी समक्ष पेश गर्नु भन्ने सम्झनु पर्दछ ।

(ग) 'सहजकर्ता' भन्नाले न्यायिक समितिको बैठक बस्दा वा न्यायिक समितिका पदाधिकारी अनुगमन निरीक्षणमा जाँदा सहयोग गर्ने उपमहानगरपालिकाका कानूनी मामिला शाखाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## भत्ता सम्बन्धी व्यवस्था

३. न्यायिक समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था :

(क) न्यायिक समितिको बैठक एक महिनामा कम्तीमा आठ पटक बस्नेछ र आवश्यकता अनुसार जति पटक पनि बस्नेछ ।

(ख) न्यायिक समितिमा उपस्थित सदस्यहरुले बैठक बस्ने दिनमा प्रतिदिन रु. १००० (एक हजार मात्र) का दरले बैठक भत्ता पाउने छन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा न्यायिक समितिको बैठकमा सहजकर्ताको भूमिका निर्वाह गर्ने बढीमा २ जना कर्मचारीहरु समेतले भत्ता पाउन सक्नेछन् । बैठक भत्ता एक महिनामा बढीमा तीन पटकका लागि मात्र पाइनेछ ।

(ग) न्यायिक समितिबाट एउटा पक्ष र विपक्षको एउटै विवादको समाधान नहुँदासम्म जति पटक बैठक बसे तापनि एक बैठकको मात्र भत्ता पाउन सकिनेछ ।

४. फिल्ड अनुगमन निरीक्षण बैठक भत्ता सम्बन्धी व्यवस्था

(क) न्यायिक समितिबाट न्याय सम्पादनको सिलसिलामा कुनै ठाउँमा गई अनुगमन निरीक्षण गर्नुपर्ने भएमा अनुगमन निरीक्षणमा जाने न्यायिक समितिका सदस्य वा सहजकर्ताहरुले नियमानुसार दैनिक भत्ता पाउने छन् ।

(ख) अनुगमन निरीक्षणमा जानुपर्ने भएमा समितिका सदस्यहरुको खटनपटन उक्त समितिका संयोजकको लिखित आदेशमा र सहजकर्ता वा अन्य कर्मचारीहरुको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा समितिका संयोजकबाट हुनेछ ।

## परिच्छेद-३

## निः शुल्क कानुनी सहायता कोष

५. कानुनी मामिला शाखा अन्तर्गत रहेको असहाय, पीडित र अशक्तहरुका लागि नि:शुल्क कानुनी सहायता कोषको रकम पीडित आएर निवेदन दिएको आधारमा न्यायायिक समितिले छानविन गरी बैठकको निर्णयबाट खर्च गर्न सकिनेछ ।

## परिच्छेद-४

## विविधसम्बन्धी व्यवस्था

६. यो निर्देशिका पारित भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ तर बैठक भत्ताको हकमा चालु आ.व. को शुरुवातदेखि निर्देशिका पारित भएको मितिसम्म बसेका न्यायिक समितिका बैठकहरुको भत्ता यो निर्देशिका बमोजिम उपलब्ध गराउन सकिनेछ ।

७. कुनै पनि विवादको मिलापत्र भई सकेपछि पक्ष र विपक्षबाट रु. पाँच/पाँच सयका दरले मिलापत्र दस्तुर लिन सकिने उक्त रकम राजश्व खातामा आम्दानी बाँधिनेछ ।

८. न्यायिक समितिले छलफलका क्रममा आवश्यक ठानेमा नगर प्रमुख प्रमुख प्रशासकीय अधिकृत वडा अध्यक्ष तथा अन्य विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । आमन्त्रित व्यक्तिलाई न्यायिक समिति सरह भत्ता उपलब्ध गराउन सकिनेछ ।

९. मेल मिलापकर्तालाई मेलमिलाप गराउँदा खाजा खर्च वापत प्रति दिन रु. २०० प्रति व्यक्ति उपलब्ध गराउन सकनेछ ।

१०. यो निर्देशिका लागु हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

११. यो निर्देशिका आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।

आज्ञाले,
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत